# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७३/०९/१४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

---------------------------------------------------------

नापी कार्यालय, भैरहवा, रुपन्देहीमा कार्यरत नापी सर्वेक्षक गंगाप्रसाद साहले कित्ता नं ४३०८ को क्षेत्रफल ०-१-१० धुर जग्गा र सो जग्गामा रहेको घर समेतको नियमानुसार घर कायम गरी हालसाविक गर्ने प्रयोजनका लागि बिभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट खटि गएको टोलीले निज गंगाप्रसाद साहलाई रु.१५,०००।-(पन्ध्र हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निज गंगाप्रसाद साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुंदा राष्ट्रसेवक गंगाप्रसाद साहलाई रु.१५,०००।-(पन्ध्र हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी